एकाइ : १

पाठ : १

## मानवको जैविकीय उत्पत्ति र विकासक्रम

• छोटो टिप्पणी

→ नरवानरजस्तै पुर्खाबाट उद्‌विकास भई क्रमिक रुपमा अहिलेको मानवका रुपमा विकसित भएको प्रक्रियालाई नै मानवको जैविकिय उद्‌विकास भनिन्छ।

→ वैज्ञानिक वर्गीकरणका आधारमा मानवको जाति 'होमो' हो।

→ मानव विकासका चरणहरु :-

१) अस्ट्रालोपिथेकस (Australopithecus) (२) होमो ह्याबिलिस (Homo habilis)
३) होमो इरेक्टस (Homo erectus) (४) होमो नियन्डरथेलेन्सिस (Homo neanderthalensis)
५) होमो सेपियन्स (Homo sapiens)

कार्ल मार्क्सका अनुसार समाज विकासका चरणहरु :-

१) आदिम साम्यवाद
  i) ढुङ्गे युगको समाज
  ii) सिकार गर्ने र खाना खोज्ने र फिरन्ते जीवन
  iii) व्यक्तिगत सम्पत्ति सम्पति र निजि स्वामित्व थिएन।
  iv) सामाजिक संस्थाहरु जस्तै विवाह, परिवार, नातेदार आदिको व्यवस्था थिएन।
  v) सबैभन्दा बलियो सिकारीको अस्थायी नियन्त्रण हुन्थ्यो।

२) दास प्रथा/समाज
  i) समाज मालिक र दास गरि दुई वर्गमा विभाजित भयो।
  ii) दासहरु मालिकका उत्पादनका साधन जस्तै भए।
  iii) दासहरुको पसिनामा मालिकहरुको रजाइ भयो।
  iv) जमिन, भूमि र कृषिको प्रधानता

३) सामन्तवादी समाज
  i) समाज सामन्त (जमिनदार) र किसान (श्रमिक) गरी दुई वर्गमा विभाजित भयो।
  ii) औद्योगिक क्रान्ति भन्दा अगाडि सम्म यो युग रह्यो।

अभ्यास

१) मानवको जैविकीय उद्‌विकासको छोटो परिचय दिनुहोस्।

→ पृथ्वीमा रहेका सम्पूर्ण जीवहरु जैविक उद्‌विकासको प्रक्रियाबाट उत्पत्ति भई क्रमिक रुपमा विकसित हुँदै अहिलेको अवस्थासम्म आइपुगेका हुन्। अन्य जीवहरु जस्तै मानव जातिको उत्पत्ति र विकसित पनि त्यही जैविक उद्‌विकासको प्रक्रियाबाट भएको हो। कतिपयले मानवका पुर्खा बाँदर वा नरवानर हुन भन्ने खालका अवधारणाहरु राख्ने गरेको पाइन्छ तर वैज्ञानिक अध्ययनबाट मानवको उद्‌विकास बाँदरमा नरवानर (ape) बाट नभई नरवानर जस्तै देखिने (ape-like) पुर्खाबाट भएको थियो। नरवानरजस्तै पुर्खाबाट उद्‌विकास भई क्रमिक रुपमा अहिलेको मानवका रुपमा विकसित भएको प्रक्रियालाई नै मानवको जैविकिय उद्‌विकास भनिन्छ।

२) अस्ट्रालोपिथेकस र होमो ह्याबिलिसबिचका समानता र भिन्नता प्रष्ट पार्नुहोस्।

→ अस्ट्रालोपिथेकस र होमो ह्याबिलियसबिचका समानता यस प्रकार रहेका छन्
- दुवै किसिमका मानवहरु झुण्ड बनाएर बस्ने गर्थे।
- प्रारम्भिक मानवजाति :-
  अस्ट्रालोपिथेकस र होमोह्याबिलिस दुवै प्रारम्भिक मानवजाति हुन्। यी दुवै प्रजातिहरु हाम्रा पुर्वजहरु (पुर्खा) को रुपमा गनिन्छन्।
- दिमागको आकार :- यी प्रजातिहरुले दिमागको आकारमा केही समानताहरु देखाउँछन्, विशेष गरी अस्ट्रालोपिथेकस र होमोह्याबिलिसका बिचका प्रारम्भिक विकासात्मक चरणहरुमा।
- दुवैको उभिएर हिँड्ने क्षमता :- अस्ट्रालोपिथेकस र होमोह्याबिलिस दुवै उभिएर हिँड्न सक्थे। अस्ट्रालोपिथेकसका हड्डीहरुको संरचना पनि उभिएर हिँड्नको लागि अनुकूल थियो, जबकि होमो ह्याबिलिसको हड्डी संरचना अझ सुधारिएको थियो।
- साधारण मस्तिष्क संरचना :- होमो ह्याबिलिसको मस्तिष्क आकार ठूलो थियो, दुवै प्रजातिमा समान प्रकारको मस्तिष्कको संरचना थियो।

11

⇒ अस्ट्रालोपिथेकस र होमो ह्याबिलिसबिचको भिन्नता यस प्रकार रहेका छन्:

1) जीविका र सामाजिक संरचना : (i) अस्ट्रालोपिथेकस :- तिनीहरू प्रायः जंगलमा वा खोलामा बस्ने गर्थे। तिनीहरूको जीवन शाकाहारी थियो र मुख्य रूपमा फलफूल, पात र साना जनावरहरूको शिकार गर्थे। सामाजिक संरचनामा पनि छोटे समूहहरूमा बस्ने गर्दथे।

(ii) होमो ह्याबिलिस :- तिनीहरूको जीवन प्रविधिहरू र उपकरणहरूको प्रयोगमा आधारित थियो। सामाजिक संरचनामा तिनीहरू बढी जटिल र सहकारी व्यवहारमा संलग्न थिए।

2) उपकरणको प्रयोग : (i) अस्ट्रालोपिथेकस :- तिनीहरूले साधारण उपकरणको प्रयोग गर्न सक्थे।

(ii) होमो ह्याबिलिस :- तिनीहरू परिष्कृत उपकरणहरू निर्माण गर्न र प्रयोग गर्न सक्षम थिए, जस्तै पत्थरको औजारहरू जसले उनीहरूको बौद्धिक संकेत दिन्छ।

---

3) चल्ने क्षमता:

i) अस्ट्रालोपिथेकस : तिनीहरूमा दुई खुट्टामा हिँड्ने क्षमता भएपनि, चार खुट्टामा पनि चल्न सक्षम थिए।

ii) होमो ह्याबिलिस :- होमो ह्याबिलिस पूर्ण रूपमा दुई खुट्टामा हिँड्न सक्षम थियो र यसले। अझिस्र काम गर्न, औजार चलाउन थाल्यो

* अस्ट्रालोपिथेकस र होमो ह्याबिलिसका समानता: (↳ कुनै कार्य गर्नको लागि बनाइएको औजार)

- दुवै आजका मानिसहरुको पुर्खा हुन्।
- दुवै सिधा रूपमा दुई खुट्टाले हिड्ने, खप्परको आकार बाँदरसँग मिल्ने खालका थिए।

* अस्ट्रालोपिथेकस र होमो ह्याबिलिसका भिन्नता :

- दुवै भिन्न जातिका हुन्।
- अस्ट्रालोपिथेकस जातिकालाई जमिन मुनिबाट कन्दमूल निकाल्ने क्रिया थाहा थिएन। होमोह्याबिलिस जमिनमुनिबाट लट्ठीले कन्दमूल निकाल्ने गर्थे। (अस्ट्रालोपिथेकस प्रायः फलफूल, पात, साना, जनावरको मासु खान्थे)
- होमो ह्याबिलिस अस्ट्रालोपिथेकस भन्दा बढी परिस्कृत थिए। (↳ बढी मानसिक, शारीरिक वा सामाजिक रूपमा उन्नति र सुधार भएको)

पाठ-2

# मानव समाजको विकासक्रम

कार्लमार्क्सका अनुसार समाज विकासका चरणहरू :-

1) आदिम साम्यवाद
विशेषता :- ढुङ्गे युगको समाज
:- सिकार गर्ने, खाना खोज्ने र फिर्ने जीवन
:- व्यक्तिगत सम्पत्तिहरू र निजी स्वामित्व थिएन
:- सामाजिक संस्थाहरू जस्तै विवाह, परिवार, नातेदार आदिको व्यवस्था थिएन
:- सबैभन्दा बलियो सिकारीको अरू माथि नियन्त्रण हुन्थ्यो।

2) दास प्रथा (समाज)
विशेषता :- मालिक र दास गरी दुई वर्गमा विभाजित भयो।
:- दासहरू मालिकका उत्पादनका सामान जस्तै भए।
:- दासहरुको पसिनामा मालिकहरुको रजाइँ भयो।
:- जमिन, भूमि र कृषिको प्रधानता ।

3) सामान्तवादी समाज
विशेषता :- समाज, सामन्त (जमिनदार) र किसान श्रमिक गरी दुई वर्गमा विभाजित भयो।
:- कृषिप्रधान समाज थियो औद्योगिक

4) पुँजीवादी समाज
विशेषता :- औद्योगिक क्रान्ति पछिको समाज,
:- पुँजीपती र मजदुर गरी दुई वर्गको समाज,
:- उत्पादनका साधन र प्रणालीहरू नियन्त्रण गर्ने पुँजीप...
:- वर्ग सङ्घर्ष (class struggle) भयो
:- उद्योग, पुँजी, श्रम र सङ्गठनहरुको प्रधानता।

५) आधुनिक समाजवाद

१) सामाजिक समानतालाई बढावा,

२) वर्ग भेदको अन्त्य,

३) सम्पत्ति र स्रोतको वितरण,

४) उत्पादनका साधनमा राज्यको नियन्त्रण।

---

ढुङ्गे युग (पाषाण) का चरणहरू

१) पुरापाषाण युग ⟶ १) निम्न पुरापाषाण

२) मध्यपाषाण युग ⟶ २) मध्य पुरापाषाण

३) नवपाषाण युग ⟶ ३) उच्च पुरापाषाण

---

* ढुङ्गे युग र आधुनिक युग बिचको फरक पत्ता लगाउनुहोस्?

→ ढुङ्गे युग र आधुनिक युग बिचको फरक यस प्रकार रहेको छ:-

| | |
|---|---|
| १) ढुङ्गे युगमा विज्ञान र ज्ञानको स्तर एकदमै सिमित थियो। | (१) यस युगमा वैज्ञानिक अनुसन्धान, चिकित्सा र धेरै प्रगति भएको छ। |
| २) यस युगमा मानिसहरू मुख्य रूपमा शिकारी र संकलनकर्ता-को रूपमा बसोबास गर्थे। उनीहरू-को समाज | (२) यस आधुनिक युगमा मानिसहरूले शहरीकरण, औद्योगिकीकरण र ज्ञानको क्षेत्रहरू-को विकास गरेका छन्। |
| ३) यस युगमा मानिसहरूले ढुङ्गा, हड्डी र हाँसको प्रयोग गरेर उपकरण बनाउँथे। तिनीहरूको जीवन मुख्य रूपमा शिकारी र फिरन्ते, सामूहिक जीवनशैलीमा बित्थ्यो। | (३) विज्ञान र प्रविधीको निकै ठूलो विकास भएको छ। कम्प्युटर, इन्टरनेट, ऊर्जा स्रोतहरूको आदि छन्। (कम्प्युटर, इन्टरनेट जस्ता नयाँ विकास भएको छ) |
| ४.) ढुङ्गे युगमा मानिसहरूले साधारण चित्र र प्रतीकहरूका माध्यमबाट सञ्चार गर्थे। लेखनको अभ्यास प्राचीन सभ्यताहरूमा मात्र विकास भयो। | (४.) आधुनिक युगमा लिखित भाषा, कम्प्युटर सञ्चार र इन्टरनेटले सूचना ज्ञानको आदानप्रदानलाई सजिलो बनाएको छ। |
| ५.) यस युगमा औषधी र स्वास्थ्यका साधनहरू सीमित थिए। मानिसहरूको औसत आयु छोटो थियो र रोगको कारण मृत्युदर उच्च थियो। | (५) यस युगमा चिकित्सा विज्ञान र स्वास्थ्य सेवा प्रविधिको विकासले औसत आयु र जीवनको गुणस्तर ठूलो सुधार ल्याएको छ। यस्ता प्रविधीहरूले महामारीहरूको नियन्त्रण र उपचारमा उल्लेखनीय सफलता हासिल गरेको छ। |

अभ्यास

१) कार्ल मार्क्स, ई. बी. टाइलर र एल. एच. मोर्गनका समाजका विकासका चरणहरू उल्लेख गर्नुहोस्-:

→ कार्ल मार्क्सका अनुसार समाजका विकासका चरणहरू निम्न रहेका छन्:-

क) आदिम साम्यवाद:-

यस समयमा वर्ग छुट्टिएको थिएन, सिकार गर्न समूहमा जान्थे।

ख) दासप्रथा:-

मालिक र दास गरी दुई वर्गमा विभाजित भयो। निजी सम्पत्तिको सुरुवात हुन थाल्यो।

ग) सामन्तवादी समाज:-

सामन्त र श्रमिक (किसान) वर्ग छुट्टियो। कृषिप्रधान समाज थियो र औद्योगिक क्रान्ति भन्दा अगाडि सम्म यो युग रह्यो।

घ) पुँजीवादी समाज:-

औद्योगिक क्रान्ति पछिको समाज। मानिसहरू उद्योगतर्फ लागे

पुँजीपती र मजदुर गरी दुई वर्गको समाज।

ङ) आधुनिक समाजवाद:-

वर्ग, भेदको अन्त्य, सामाजिक समानतालाई बढावा।

⇒ ई.बी. टाइलर र एस्सल मोर्गानका अनुसार समाज विकासका चरणहरू:

क) ढुङ्गे युग (प्रारम्भिक चरण)

ढुङ्गे युगलाई प्रारम्भिक चरणका रुपमा लिइन्छ। यस युगमा मानिसहरू भोजन र आश्रयको खोजीमा घुम्ने जीवन बाँच्ने गर्दथे। तिनीहरूले सिकारका लागि ढुङ्गे औजारहरू प्रयोग गर्थे। सानो समूहमा बस्ने तिनीहरू सिकार पनि सामूहिक रुपमा नै गर्ने गर्थे। ढुङ्गाबाट विभिन्न खालका औजार एवम् हतियार बनाई गुजारा गर्ने। मूल संस्कृति रहेकाले यस कालखण्डलाई ढुङ्गे युग भनिएको हो।

ख) बर्बर युग (~~मध~~ मध्यकालीन चरण)

बर्बर युगलाई मध्यकालीन चरणका रुपमा लिइन्छ। बर्बर युग भन्नाले प्राचीन रोमन साम्राज्यको पतन र त्यसपछि युरोपमा आएको अशान्ति र सामाजिक विकृति रहेको काललाई जनाइन्छ।

ग) सभ्य युग (आधुनिक चरण)

सभ्य युग भन्नाले त्यस्तो ऐतिहासिक काललाई जनाउँछ, जबमानव समाजले विशेष प्रकारको सामाजिक-सांस्कृतिक र प्राविधिक उन्नति हासिल गरेको थियो र जसले संसारको इतिहासमा विकास र समृद्धि ल्यायो।

---

२) तपाईं बस्ने समाज विकासका कुन चरणसँग मिल्दोजुल्दो छ, आफ्नो तर्क लेख्नुहोस्।

→ हामी बस्ने समाज विकासको आधुनिक चरण (सभ्य युग) सँग मिल्दो जुल्दो छ। किनकि, यहाँ खेतीपाती परिस्कृत छ। विभिन्न किसिमका कृषि औजार, उन्नत बीउ, मल तथा वैज्ञानिक तरिका प्रयोग गरी कृषि कार्य हुन्छ। मानिसका प्रयोगका लागि विभिन्न किसिमका वस्तुहरूको उत्पादनका लागि ~~क~~ विभिन्न किसमका वस्तुहरूको उत्पादनका लागि कलकारखानाहरू विकसित छन्। मानिसहरू ठूला ठूला भवनमा बस्छन्, जुन आधुनिक सुविधाले सम्पन्न छन्। आज यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य आदि विभिन्न क्षेत्रमा विकास भएको छ। देशको शासनमा पनि विभिन्न राजनीतिक पद्धतिको विकास भएको छ। सकारात्मक सोचले नयाँ नयाँ आविस्कारहरूको सिर्जना हुँदैछ।

---

ग नवपाषाण युगको सामाजिक सांस्कृतिक विशेषताहरू उल्लेख गर्नुहोस्।

→ नवपाषाण युगको सामाजिक सांस्कृतिक विशेषताहरू :-

१) ढुङ्गाका परिस्कृत औजारहरूको निर्माण,
२) कृषिको व्यवस्थित सुरुवात,
३) कृषि कार्यका लागि नाङ्लो, टोकरी, पाथी आदि सामाग्रीको उत्पादन,
४) पशुपालनको आरम्भ (गाई, सुँगुर, भेडा, कुकुर आदि पाल्ने।)
५) कपडा लगाउने बानीको विकास,
६) व्यक्तिगत सम्पत्तिको महत्व
७) धर्मकर्म संस्थागत हुँदै
८) समाजमा असमानताको विकास
९) राजनैतिक चेतनाको विकासले राजा रजौटाको शासन पद्धतिको विकास
१०) धातुको प्रयोग सुरु,

---

घ नवपाषाण युग (Neolithic period) लाई क्रान्तिकारी युग भनिन्छ। आफ्नो तर्क सहित पुष्टि गर्नुहोस्।

→ नवपाषाण युगमा सामाजिक राजनीतिक, सांस्कृतिक र वैज्ञानिक क्रान्तिहरूले मानव सभ्यताको संरचना र दिशा नै परिवर्तन गरे। त्यसैले यस युगलाई क्रान्तिकारी युग भनिन्छ। नवपाषाण युग मध्यपाषाण युगभन्दा

पाठ = ③

कृषि युगको सुरुवात र विकास

Century Page: Date:

* नवपाषाण युगलाई नै कृषि युगको सुरुवात मानिन्छ तर्क दिनुहोस्।
→ ढुङ्गे युग पछिको समाज जीवन निर्वाहको मुख्य आधार कृषि थियो र मानिसले खानेकुरा सहजरुपमा प्राप्त गर्नका लागि पशुपालन तथा खेतिपाति गर्ने कार्य नवपाषाण युग देखिनै गर्दै आएका थिए। त्यसैले नवपाषाण युगलाई नै कृषि युगको सुरुवात मानिन्छ।

अभ्यास

a) 'नवपाषाण युगलाई नै कृषि युगको सुरुवात मानिन्छ'। तर्क दिनुहोस्।
→ नवपाषाण युगको कालखण्डबाट मानिसले घुमन्ते, सिकारी जीवनशैलीका सट्टा स्थायी बसोबास सुरु गर्ने क्रममा कृषि र पशुपालनलाई अंगालेका कुरा पुरातात्विक खोजहरूले देखाएका छन्।
नवपाषाण युगमा कृषिको व्यवस्थित सुरुवात भइसकेकाले कृषि कार्यका लागि आवश्यक टोकरी, नाङ्लो, पाथी लगायतका सामाग्रीको समेत यस युगमा निर्माण गरिएको थियो। हिमयुगको अन्त्यसँगै तातिदै गएको वातावरणीय अवस्थाले कृषि उत्पादनमा ठुलो भूमिका निर्वाह गरेको थियो। मेसोपोटामिया, जोर्डन, इजिप्ट लगायतका स्थानहरूमा गँहु, जौ दलहनलगायतका बाली लगाइन्थ्यो। चीनमा मुख्य रुपमा कोदो र धान लगाइन्थ्यो। त्यस्तै अफ्रिकामा कोदो, धान, तरुल आदिको खेति गरिएको थियो भने अमेरिकामा मकै, भटमास, आलु आदि खेती गरिन्थ्यो। यस समयमा पशुपालन पनि व्यापक बनीसकेको थियो कृषिमा आवश्यक श्रम जुटाउन र दुध, मासुजस्ता खाद्यवस्तुको सुनिश्चितता गर्न विभिन्न जङ्गली जनावरलाई समातेर पाल्न सुरु गरिएको थियो।

अत: मानिसले खानेकुरा सहज रुपमा प्राप्त गर्नका लागि पशुपालन तथा खेतीपाति गर्ने कार्य नवपाषाण युगदेखि नै गर्दै आएका थिए। त्यसैले नवपाषाण युगलाई नै कृषि युगको सुरुवात मानिन्छ।

Century
CamScanner

छिनै मानिसहरू पछि गएर सामन्तको रुपमा स्थापित हुँदै गए। यसले गर्दा समाजमा असमान वर्गहरु विकास हुँदै गयो। असन्तुलित विकासका कारण समाजमा सामाजिक असमानता बढ्दै गइरहेको छ।

धनीहरु धेरै नै धनी र गरिबहरु अत्यन्तै गरिब हुँदै गइरहेका छन्। यसकारण समाजमा असमानता बढ्दै गइरहेको छ। आफ्नो परिश्रम अनुसारको कमाई आर्जन गर्न सकेका छैनन्। केहि सिमित मानिसहरूले धेरै भन्दा धेरै पुँजी आर्जन गरिरहेका छन्। भने बहुसंख्यामा मानिसहरुले सीमित मानिसहरूका कम पैसामा ज्याला, मजदुरी र दास बनीरहन बाध्य छन्। सीमित मानिसहरूले यी मानिसहरुको श्रमशोषण गरिरहेका छन्। त्यसैले सबै वर्ग, लिङ्ग, जात, धर्मका मानिसहरुलाई समानरुपमा सहभागी गराएर विकासको कार्य अघि बढ्न आवश्यक छ। अनिमात्र समाजमा मानिसहरुबिच राम्रो सम्बन्ध कायम हुन्छ र सामाजिक समानता कायम हुनसक्छ।

## पाठ - ४ (पुँजीवादी युग र औद्योगिक विश्व)

अभ्यास

१) पुँजीवादी व्यवस्था र सामन्तवादी व्यवस्था बिचको फरक छुट्याउनुहोस्

→ पुँजीवादी व्यवस्था र सामन्तवादी व्यवस्था बिचको फरक निम्न रहेको छ:-

| पुँजीवादी व्यवस्था | सामन्तवादी व्यवस्था |
| --- | --- |
| i) औद्योगिक उत्पादनमा आधारित व्यवस्था | i) कृषि युगमा आधारित व्यवस्था |
| ii) धन सम्पति र पुँजीलाई प्राथमिकता | ii) जमिनको स्वामित्वको होडबाजी |
| iii) प्रविधिमैत्री व्यवस्था | iii) प्रविधिको कम प्रयोग |
| iv) पुँजीपतिले देशको राजनीति सञ्चालन गर्ने | iv) सामन्तहरूको पञ्जामा राजनीतिर शासन व्यवस्था |

२) युरोपको औद्योगिक क्रान्ति र यसले मानव समाजमा परेको प्रभाव उल्लेख गर्दै संवाद तयार पार्नुहोस्

→ (~~कमला~~ मिना र ~~विमला~~ मुना औद्योगिक क्रान्तिले मानव समाजमा परेको प्रभावको बारेमा कुराकानी गर्दैछन्)

मिना : औद्योगिक क्रान्ति के हो, मुना?

~~विमला~~ मुना : कलकारखानामा आएको ठूलो परिवर्तनलाई औद्योगिक क्रान्ति भनिएको हो, यो बेलायतबाट सुरु भयो र विश्वभरमा नै फैलियो। बुझ्यौ?

मिना : बुझेँ! हामीलाई यसले के राम्रो गर्यो त?

मुना : ल! कलकारखानाले सामान धेरै बनाउँछ, सस्तो, राम्रो बनाउँछ। हामीले उपभोग गर्ने धेरै जस्तो वस्तु कलकारखानाबाट नै बनेका छन्। तिमी पनि यसका बारेमा केहि त भन?

मिना : औद्योगिक क्रान्तिले गर्दा रोजगारी बढ्यो। देशहरूले वढी सामान निर्यात गरी आम्दानी बढाए। आज हेरौं त। औद्योगिक देशहरू प्राय: सबै सम्पन्न छन्। यसबाट अरु पनि केहि प्रभाव पर्यो श?

मुना : पर्यो नि। सहरबजार बढे। यातायात र सञ्चारको विकास भए। सुख सुविधाका सामान बढे। हाम्रो जीवन कति सहज भएको छ। घरमै बसी संसार भरिका घटना हेर्न पाइन्छ, होइन त?

मिना : हो नि। तर, हामीले प्राकृतिक वातावरण बिगार्यौं। हाम्रो मौलिक संस्कृति हराउँदै छ। विदेशी संस्कृतिको प्रभाव बढ्दै छ। समाज शान्त भएर खोज्नुपर्ने बेला आइसक्यो, हैन र?

मुना : हुन त हो नि। तर, उन्नति पनि भयो नि। स्वास्थ्य तथा शिक्षा जस्ता क्षेत्रमा कति प्रगति भएको छ। औद्योगिक क्रान्तिले विभिन्न क्षेत्रमा परिवर्तन ल्याएको छ, साथै मानव जीवन सहज भएको छ।

मिना : हो नि।

पाठ-५ वर्तमान विश्व

अभ्यास

१) 'बढ्दो विश्वव्यापीकरण र बसाईसराइका कारण विश्वका मुलुकहरु बहुसांस्कृतिक बन्दै गएका छन्।" यस भनाइलाई पुष्टि गर्नुहोस्।'

-> बढ्दो विश्वव्यापीकरण र बसाईसराइका कारण समाज एवम् मुलुकहरु बहुसांस्कृतिक बन्दै गएका छन्। फरक फरक सामाजिक तथा सांस्कृतिक विशेषता भएका मानिसहरु बिचको बढ्दो अन्तरघुलनले सामाजिक तथा सांस्कृतिक आदानप्रदानलाई सघन बनाउँदै लगेको छ। कुनै एक मुलुकका मौलिक सामाजिक सांस्कृतिक विशेषताहरु अर्को मुलुकमा विकसित हुन थालेका छन्। हिजोआज संसारभरनै बसाइसराइको दर बढ्दै गएको छ। गाँउबाट सहरतिरको बसाइसराइ त धेरै वर्ष अगाडिदेखि विश्वव्यापी प्रक्रिया बनेर स्थापित भइसकेको थियो भने हाल आएर कम विकसित तथा विकासशील देशहरुबाट आर्थिक रुपले विकसित देशहरुमा बसाईसर्ने प्रक्रियाले समेत व्यापकता पाएको छ।

विशेषगरी रोजगारी, शिक्षा, स्वास्थ्य तथा अन्य सुविधा एवम् अवसरको खोजीमा विभिन्न मुलुकहरुमा भइरहेको आन्तरिक मात्र नभई अन्तराष्ट्रिय बसाइसराइले विश्वका समाज एवम् मुलुकहरुको जनसाङ्ख्यिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिवेश नै परिवर्तन हुँदै छ।

(२) 'समकालीन विश्व भाषिक, धार्मिक, वर्गीय, लैङ्गिक र राजनीतिक प्रणालीगत विविधता जस्ता सामाजिक विविधताहरुले भरिपूर्ण छ।' आफ्नो तर्कसहित व्याख्या गर्नुहोस्।

-> विश्वमा प्रत्येक मुलुकमा आफ्नै विशिष्ट सामाजिक, धार्मिक तथा राजनैतिक संरचना छ। विश्वको जनसंख्याको १ प्रतिशतभन्दा बढीले आस्था राख्ने धर्महरु इसाई, इस्लाम, हिन्दु र बौद्ध छन्। त्यस्तै, जापानमा बौद्ध बाहेक अर्को धर्मपनि प्रचलनमा छ। चीनमा पनि कतिपय धर्महरु प्रचलनमा छन्। भारतका पारसीहरुले अलग धर्म मान्छन्। कतै कतै मानिसहरुले कोन धर्म मानेको पनि सुनिन्छ। नेपालमा मात्र सयभन्दा बढी जातजातिहरु रहेका छन्। विश्वमा अनेक जातजाति हरुको बसोबास छ। प्रत्येक जातजातिहरुको आफ्नै भाषा छ। UNESCO ले सन् २०१६ मा संसारमा करीव ६ हजार पाँचसय भन्दा बढी भाषाहरु बोलिन्छन्- भनी उल्लेख गरेको थियो। आर्थिक वर्ग विभाजन पनि मुलुक अनुसार फरक फरक छ। तापनि उच्च, मध्यम र निम्न वर्ग भनेर अर्थशास्त्रीहरुले परिभाषित गरेका छन्। यस्तै भूमिपति, भूमिहीन, उद्योगपति, मजदुर, किसान आदि पनि वर्ग विभाजनमा राख्न सकिन्छ। संसारमा एकै प्रकारको राजनैतिक प्रणाली छैन। बेलायतमा संवैधानिक राजतन्त्र छ। नेपालमा तथा भारतमा लोकतन्त्र छ। अमेरिकामा पनि लोकतन्त्र छ। विश्वमा धेरै देशहरुमा प्रजातन्त्र छ। जापान र स्पेनमा राजतन्त्र छ। रुस र चीनमा कम्युनिष्ट शासन प्रणाली छ। यसरी विश्वमा पूर्ण प्रजातन्त्र, संवैधानिक राजतन्त्र, पूर्ण राजतन्त्र आदि विभिन्न थरिका राजनैतिक प्रणालीका व्यवस्थाहरु कायम छन्।

३ मानवका आधारभूत सामाजिक आवश्यकताहरु के के हुन्, उल्लेख गर्नुहोस्।

-> मानवका आधारभूत सामाजिक आवश्यकताहरु निम्नलिखित छन्:-

१) खाना, कपडा, वासस्थान, निद्रा
२) रोजगारी
३) सुरक्षा
४) परिवार
५) शिक्षा
६) स्वास्थ्य, सुविधा।